# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर :

## आशय पत्र आह्वानको सूचना !

प्रथम पटक प्रकाशित मितिः २०८०/०५/३१

मालारानी गाउँपालिकाले निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थासँग साझेदारीमा काम गर्ने उद्देश्यले मालारानी गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा ब्यवस्थापन गर्ने सम्बन्धी विधेयक,२०८० तथा मालारानी गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम आ.व २०८०/०८१ देखी सालबसाली / बहुबर्षीय रुपमा कार्यविधिको परिच्छेद २ मा उल्लेखित साझेदारीको क्षेत्रमा काम गर्न ईच्छुक आवश्यक योग्यता पुगेका निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रका व्यक्ति वा संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो संस्थाको आशय पत्र पेश गर्न आह्वान गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण गाउँपालिकाको वेबसाईट www.malaranimun.gov.np बाट डाउनलोड गर्न वा मालारानी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँचीबाट प्राप्त गर्न सकिने छ। योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालिका जवाफदेही हुनेछैन।

१) कार्यक्रमको विस्तृत विवरणः ......................................
२) कार्यक्रम सम्पन्न हुने अवधीः ......................................
३) मुख्य कामको विवरणः ...............................................
४) लगानी अनुपातः .......................................................

आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु:

१) आशयपत्र पेश सम्बन्धी निवेदन

२) संस्थाको दर्ता, नवीकरण, करचुक्ता, स्थायी लेखा नम्बर, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा) लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपि,

३) साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,

४) संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल प्रति,

५) प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी,

६) संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल प्रति,

७) व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)

८) विगत तीन वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण। व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण

९) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

आशय पत्रदाताको आशय पत्र मालारानी गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० को दफा ११, १२ बमोजिमको आधारमा मुल्याङ्कन गरिनेछ।

चेत नारायण कंडेल
प्रमुख प्रशासकीय अधिकृत